# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७८

## भुमिकास्थान नगरपालिका
## अर्घाखाँची




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

CamScanner

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

CamScanner

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय


पत्र संख्याः २०७८।७९ | मितिः २०७८/०५/०४
---|---
च.नं. ८३ |

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
भुमिकास्थान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
अर्घाखाँची ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरीएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(नारायण एम.सी.)
नायव महालेखापरीक्षक

वोधार्थ तथा कार्यार्थ :
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं :- प्रतिवेदन संलग्न छ ।



CamScanner

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्या :- २०७८।७९
च.नं. ८२
मिति: २०७८/०५/०४

श्री प्रमुखज्यू,
भुमिकास्थान नगरपालिका, नगरपालिकाको कार्यालय,
अर्घाखाँची ।

विषय: लेखापरीक्षण प्रतिवेदन

**कैफियत सहितको राय**

हामीले **भुमिकास्थान नगरपालिकाको** आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु.२ करोड १५ लाख ८९ हजार बेरुजू देखिएको छ । सोमध्ये असूल गर्नु पर्ने रु.४५ लाख ५८ हजार, नियमित गर्नुपर्ने रु.७२ लाख ३२ हजार र प्रमाण कागजात पेश गर्नु पर्ने रु.९७ लाख ९९ हजार रहेको छ

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८/२/१२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्यौंट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २३ (तेइस) यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व एकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरीएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np


CamScanner

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विपेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)
नायव महालेखापरीक्षक

CamScanner

# भुमिकास्थान नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७६/७७

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरीकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । नगरपालिका अन्तर्गत १० वडा, ५४ सभा सदस्य,१५३.३ वर्ग किलोमिटर क्षेत्रफल तथा ३२ हजार जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको पालिकाले पेश गरेको विवरण अनुसार आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

| | आयतर्फ | | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं | विवरण | रकम | रकम | सि.नं | विवरण | रकम | रकम |
| | गत वर्षको जिम्मेवारी | | ५२६०३५६० | १ | चालु खर्च | ३२०००२३९७.६६ | ३२०००२३९७.६६ |
| | क) बैक | ५२६०३६६० | | २ | पूँजीगत खर्च | १९१००४९१८ | १९१००४९१८ |
| | ख) मर्मत संभार कोष | | | ३ | वित्तीय भुक्तानी | | |
| | ग) विपद व्या. कोष | | | | क) ऋण भुक्तानी | | |
| | घ) धरौटी | | | | ख) ब्याज भुक्तानी | | |
| | राजस्व ( आन्तरिक आय) | | ७६८३४४२४.२८ | | ग) अन्य भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ६७७२१२१.३० | | ४ | लगानी | | |
| | ख) राजस्व बाँडफाँड | ७००६२३०२.९८ | | | ऋण लगानी | | |
| | ग) अन्य आय | | | | शेयर लगानी | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ३९६७९४६१५ | ५ | विभिन्न कोष खर्च | ८९७८२९५ | ८९७८२९५ |
| | क) वित्तिय समानीकरण अनुदान | १०६२००००० | | ६ | धरौटी फिर्ता | १८९४८८२ | १८९४८८२ |
| | ख) सशर्त अनुदान | २९०५९४६१५ | | ७ | जन श्रमदान फिर्ता | | |
| | ग) समपूरक अनुदान | | | ८ | प्रदेश कोरोना कोष फिर्ता | | |
| | घ) विशेष अनुदान | | | ९ | मौज्दात | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २१५१०००० | | क) बैंक मौज्दात | २८७४४८६२.३८ | २८७४४८६२.३८ |
| | क) वित्तिय समानीकरण अनुदान | ४३१६००० | | | ख) नगद मौज्दात | | |
| | ख) सशर्त अनुदान | ७५००००० | | | ग)धरौटी मौज्दात | | |
| | ग) समपुरक अनुदान | ९६९४००० | | | घ)कोष खाताको मौज्दात | | |
| | घ) विशेष अनुदान | | | १२ | शर्षत अनुदान फिर्ता | १६७८५१६९.२४ | १६७८५१६९.२४ |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | | | | |
| ६ | अन्य | ३५००००० | ३५००००० | | | | |
| ७ | विभिन्न कोषतर्फको आय | ९७००००० | ९७००००० | | | | |
| ८ | धरौटी आय | ६४६७९२५ | | | | | |
| ९ | अन्य विविध आय | | | | | | |
| | जम्मा | ५६७४१०५२४.२८ | ५६७४१०५२४.२८ | | जम्मा | ५६७४१०५२४.२८ | ५६७४१०५२४.२८ |



CamScanner

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **वित्तीय विवरण विश्लेषण** | |
| | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राखुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• SUTRA सफ्टवयर प्रयोग गरेको भयतापनि विषयगत शाखा अनुसारको छुट्टा छुट्टै बैंक नगदी किताव,सहायक लेजर प्रिन्ट गरी वाइण्डिङ गरी नराखेको र सोहि अनुसारको छुट्टै फाइल तयार नगरेको कारण सम्पूर्ण खर्च रकम एकिन गर्न सकिएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>• पालिकाले प्रमाणित गरी दिएको एकीकृत आर्थिक विवरणमा चालु खर्च रु.३२,००,०२,३९७.६६ रु पूँजिगत खर्च रु.१९,१०,०४,९१८ देखाएकोमा SUTRA सफ्टवयरले देखाएको बैंक नगदी किताबको जम्मा खर्च चालु तर्फ रु.२८,४३,५१,११७.४७ र पूँजिगत तर्फ रु.२१,४३,५१,०२६.२३ देखाई चालु तर्फ रु.३,५६,५१,२८०.१९ बढी खर्च देखाएको र पूँजिगत तर्फ रु.३,६७,२७,७३३.११ घटी खर्च देखाएकोले पालिकाले पेश गरेको आर्थिक विवरण प्रति विश्वस्थ हुन सकिएन जसले गर्दा चालु खर्च र पुँजिगत खर्च एकिन गर्न सकिएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन ।<br>• कार्यालयको श्रेष्ता र बैंक बीचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा एकीन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना | |



CamScanner

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन ।<br>• वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरीक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ बमोजिम कार्य विवरण बनाई लागु गरेको पाईएन ।<br>• कार्यालय समयमा बैठक भत्ता खर्च लेखेकोले सोको नियन्त्रण गर्नु पर्दछ ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोवार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछर्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

- **बजेट तथा कार्यक्रम**

. **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

४. **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

(रु हजारमा)

| क.सं | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| १ | चालु खर्चतर्फ | २८४३५१११६ | ७२९४६४६८ | ७६०५५३७० | १३५३४९२७८ | १०५७९९३४३ |
| २ | पूँजिगत खर्चतर्फ | १५०७७७१८४ | १७१९३४० | ३९८२१५२३ | १०९२३६३२१ | ८७४४६२९४ |
| | जम्मा | ४३५१२८३०१ | ७४६६५८०८ | ११५८७६८९३ | २४४५८५५९९ | १९३२४५६३७ |
| | प्रतिशत | ८१.०९ | १३.९० | १८.८८ | २१.६० | ३६.०२ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु.४३,५१,२८,३०१ खर्च भएकोमा प्रथम चौमासिकमा रु.७,४६,६५,८०८ अर्थात १३.९० प्रतिशत, दोश्रो चौमासिकमा रु.११,५८,७६,८९३ अर्थात १८.८८ प्रतिशत र तेश्रो चौमासिकमा रु.२४,४५,८५,५९९ अर्थात २१.६० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१९,३२,४५,६३७ अर्थात ३६.०२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरीनुपर्दछ ।

५. **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | १८८०३१५३ | १३१५१०७४ | ६९.९४ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| २ | पूर्वाधार विकास | ११६८४७७९५ | १२८६४२३८७.८० | ६५.३ |
| ३ | सामाजिक विकास | ४०५९५९००० | ३४४२९९८९० | ८४.८१ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १५६७०९१२ | ७२७९९७७ | ४६.४६ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ७९६२४४२७.८२ | ९६१२५६८९.४९ | ८६.८१ |
| | जम्मा | ७१,६९,०५,२८७.८२ | ५८,९४,९९,०१८.२९ | ८२.२२ |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये कार्यालय संचालन तथा प्रशासनिकमा सबैभन्दा बढी ८६.८१ प्रतिशत र वातावरण विकासमा ० प्रतिशत रहेको छ । वातावरण विकासमा बजेट विनियोजन गरी प्रभावकारी वनाउनु पर्दछ ।

६. **खर्च विश्लेषणः** पालिकाले यस बर्ष कुल आन्तिरक आयबाट रु.६७,७२,१२१.३० राजस्व बाँडफाँड,अनुदानबाट र गत वर्षको जिम्मेवारी रु.५५,४१,७०,४७७.९८ समेत जम्मा रु.५६,०९,४२,५९९.२८ आम्दानी भएकोमा चालु तर्फ रु.३२,००,०२,३९७.६६ र पूँजिगत तर्फ रु.१९,१०,०४,९१८ समेत रु.५१,१०,०७,३१५.६६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.३२ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु. ८९,५३,०५० खर्च भएको छ जुन आन्तरिक आयको ७५.६४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७३ प्रतिशत चालु र ३७.३७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरीनुपर्दछ ।

७. **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । नगरपालिकाले लक्ष्य प्रगति पुरा गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शुन्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | १६ | ० | ० | ० | ० |
| सहायक कार्यक्रम संख्या | ३२८ | ८ | २ | ० | २ |
| रकम(प्रशासनिक खर्च समेत) | ५८,९४,९९,०१८ | ५,२३,६१,९५८ | ३७,३३,८४१ | ० | ८,६२,८१,४८७ |

**संगठन तथा कर्मचारी ब्यवस्थापन**

८. **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरवन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरवन्दी सृजना गर्न नसकिने व्यवस्था छ । संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं ३०७९ मिति २०७५/१०/१९ को पत्रानुसार उक्त दफा विपरित करारका कर्मचारी राखि खर्च लेखेको भएमा उक्त रकम भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यवस्था गरेको छ । पालिकाले दिएको विवरण अनुसार

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | इन्जिनियर,कम्प्युटर अपरेटर ,हेवि सवारी चालक,हल्का सवारि चालक र कार्यालय सहयोगि समेत गरी स्विकृत करार दरवन्दि माग भएकोमा पेश हुन सकेन ।<br>त्यसैगरी सोही ऐनको (२०७४) को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले दिएको विवरण अनुसार स्थानीय तहले माथि उल्लेखित पद वाहेक विभिन्न पदमा २८ जना करार नियुक्ति गरी बर्षभरीमा रु.५०,४३,५३० भुक्तानी गरेको रकम अनियमित देखिएको रु. | ५०४३५३० |
| ९. | कर्मचारी प्रोत्साहन भत्ता - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । सूचक र कार्यापालिकाको निर्णयानुसार प्रोत्साहत भत्ता वापत ३५ प्रतिशतका दरले कर्मचारीहरुलाई रु.१९,६८,९१६ अतिरिक्त भत्ताको रकम भुक्तानी गरेकोमा प्रमाणीत हाजिरी पेश गरेको छैन अर्थ मन्त्रालयको स्विकृति वेगर अतिरिक्त भत्ता खर्च लेखेकोले पालिकालाई बढी व्ययभार पर्न गएको रु. | १९६८९१६ |
| ९.१. | ८३/०७६/९/२९ स्रेस्ता साथ प्राप्त विवरण अनुसार शुन्य दिन काम गरेको विवरण पेश गरेतापनि प्रोत्साहत भत्ता वितरण गरेको छ । लेखापरीक्षणको समयमा छनौट भएको भौचरको आधारमा निम्न पदाधिकारीको शुन्य दिन कार्य गरेको भनिएपनि प्रोत्साहन भत्ता वितरण गरेको छ । | |

| कर्मचारीको नाम | काम गरेको दिन | भुक्तानी रकम |
|---|---|---|
| प्र.प्र.अ श्री नारायण प्र. भण्डारि | शुन्य | ४१९७५ |
| का.अ. श्री हरिश्चन्द भुषाल | शुन्य | ६२३५३ |
| वि.नि श्री तुलालाल सापकोटा | शुन्य | ६९९५८ |
| ले.अ.श्री नवराज गौतम | शुन्य | २६२४४ |
| सि.अहेव देव व.थापा | शुन्य | ६२३५३ |
| स.ले.पा श्री वावुराम थापा | शुन्य | ४६१०२ |
| जम्मा | | ३,०८,९८५ |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०. | कल्याण कोष - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.५,००,००० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्दछ । | |



CamScanner

| दफा | भौ.नं, मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ११. | **सेवाप्रवाहको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १२ वटा ऐन, शुन्य वटा नियमावली र १८ बटा कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| पञ्जिकरणतर्फ | |
| जन्मदर्ता | १५८७ |
| मृत्युदर्ता | २४४ |
| बसाईसराई दर्ता | ५४७ |
| विवाह दर्ता | ४५३ |
| सम्बन्धविच्छेद दर्ता | १५८७ |
| पूर्वाधार विकास सडक निर्माण | |
| कालोपत्रे सडक निर्माण | ४ किमि |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ० |
| ग्राभेल सडक मर्मत | ० |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरीने सेवा प्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक प्रगति देखिएन ।

१२. **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु.१ लाख सम्म | रु. १ लाख देखि ५ लाखसम्म | रु. ५लाख देखि १० लाखसम्म | रु. १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|
| ० | ९७ | ५२ | १३ | १६२ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१० लाख भन्दा बढीका जम्मा १३ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र ९७ वटा योजनाहरु रहेका छन् । साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

- **कानून निर्माण एवं कार्यान्वयन**

१३. **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायीक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा न्यायिक समितले गरेको कामको विवरण माग गरेकोमा सोको विवरण प्राप्त हुन नसकेको कारण न्यायीक समितको कार्यप्रगतिको बारेमा मुल्यांकन गर्न सकिएन ।



CamScanner

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • पदाधिकारी सुविधा | |

१४. **स्थानीय तहका पदाधिकारी सुविधा** - नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनि प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ र स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ अनुसार पालिकाबाट देहाय बमोजिम रु. ८९,५३,०५० सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडा अध्यकक्ष १० जना | कार्यपालिका ८ सदस्य जना | समाका सदस्य ३४ जना | जम्मा ५४ |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | | | | | | ४९५५५० |
| २ | यातायात खर्च | ० | ० | ० | ५०४०० | १०७१०० | १५७५०० |
| ३ | टेलिफोन,मोबाइल | १८००० | १८००० | १३५००० | १८०००० | ७६५००० | १११६००० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ४५००० | ४५००० | ३६०००० | २१६००० | ६१२००० | १२७८००० |
| ५ | जनसम्पर्क विशेष कार्य सुविधा | ११६००० | ७२००० | ६३०००० | ३६०००० | ९१८००० | २०९६००० |
| ६ | अतिथि सत्कार | ६३००० | ५४००० | ५४००० | ० | ० | ६५७००० |
| ७ | खानेपानी/विजुली/ सरसफाई | ४५००० | ४५००० | ४५०००० | ० | ० | ५४०००० |
| ८ | चाडपर्व खर्च | ४५००० | ४५००० | ४५००० | ० | ० | ५४०००० |
| ९ | पदाधिकारी पारिश्रमिक ३ महिनाको | १०५००० | ९०००० | ७५०००० | ३१२००० | ८१६००० | २०७३००० |
| | जम्मा | ४३७००० | ३६९००० | ३३१५००० | १११८४०० | ३२१८१०० | ८९५३०५० |

१५. **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले पेश गरेको खर्चको फाँटवारी अनुसार यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.३६,९८,६७० खर्च गरेको छ । पालिकाले स्रेस्ता साथ संलग्न कागजातकमा आवश्यक प्रमाण विना टुक्रे विल प्रयोग गरी खाना खाजाको विल भुक्तानी गरेको छ । यस्तो खर्चका उदाहरण निम्न छन् ।

१५.१. पालिकाले बजेटमा व्यवस्था गरी प्रत्येक वडामा १५ हजार विविध खर्च दिएकोमा खर्च विल पेश गर्दा विना आधार र कारण होटलको विल प्रयोग गरी मासु चिउरा, चिया नास्ता खाएको उल्लेख गरी रु.१८,००,००० खर्च लेखेको छ ।

१६. **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले पेश गरेको खर्चको फाटवारी अनुसार यस वर्ष रु.१३,५०,००० आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

• अनुदान फिर्ता, वितरण र उपयोग

१७. **संस्थालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्न कृषक सहकारी समुहलाई उत्पादनमा आधारित अनुदान वितरण गरेकोमा उक्त संस्था छनौटको आधार पेश हुन सकेन साथै संस्थाद्धारा उत्पादित सामानको विक्री वितरण भएको लगत रजिष्टर पेश हुन सकेन भने सम्बन्धित संस्थाले विक्री गरेको परिमाण पालिकाको कृषि शाखाले प्रमाणित गरेको छैन । पालिकाले खर्च भौचरसाथ राखेको विवरण अनुसार निम्न सहकारी

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | संस्थालाई बढी भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु. | १६२०३५ |

| संस्थाको नाम | वडा न. | भुक्तानी भएकोरकम | वास्तविक खर्च (व्यवस्थापन खर्च समेत) | बढी भुक्तानी |
|---|---|---|---|---|
| महाभारत कृषि सहकारी संस्था ली. | ९ | २८०७२० | १२५४८५ | १५५२३५ |
| परीश्रमि साना किसान कृषि सहकारी संस्था | ४ | १३८१५५ | १३१३५५ | ६८०० |
| जम्मा | | ५,७४,७०७ | २,५६,८४० | १,६२,०३५ |

१८. **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । पालिकाले पेश गरेको खर्चको फाँटवारी अनुसार कार्यालय संचालन तथा मसलन्द सामाग्री अन्तर्गत वार्षिक रु.१८,८१,९९४ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली वमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

- **कर दस्तुर एवं आन्तरिक आय**

१९. **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १५,८२,७८,३५१ | ५७,७५,०८८ | ३.६४ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.६४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२०. **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २००००० | २३६०७२.६० | ११८.०३६ |
| घरजग्गा वहाल कर | २०००० | ६८१०१ | ३०४.५ |
| व्यवसाय कर | १००००० | ३२२३९ | ३२.२४ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर

CamScanner

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लेखित असुली यथार्थ मात्र सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |
| २१. | **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.३२,२३९ कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मात्र सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| | • **आयकर** | |
| २२. | **पारीश्रमिक कर** - आर्थिक ऐन, २०७६ को अनुसूची १ को दफा १ अनुसार कुनै आय वर्षमा प्राकृतिक व्यक्तिको करयोग्य आयमा अनुसूचीको उपदफा ४ को अधिनमा रही पारिश्रमिक कर निर्धारण गर्नुपर्ने व्यवस्था छ । पालिकाले इन्जिनियर श्री कुलानन्द बन्जाडेको पारिश्रमिक करमा कर योग्य आय रु.५,९६,८७० रहेकोमा करको स्ल्यावमा नल्याई फ्ल्याटमा १ प्रतिशत मात्र रु.५,९६८ कट्टी गरेको छ । निजको कर योग्य आयलाई स्ल्यावमा गणना गर्दा रु.१३०६२.५ कट्टी गर्नु पर्नेमा कम कट्टी गरेको देखिएकोले घटी कट्टी गरेको रकम असुल हुनुपर्ने रु. | १३०६३ |
| | • **उपभोक्ता समिति मार्फत कार्य** | |
| २३. | **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने पर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| २४. | **हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिन प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| उपभोक्ता समितिको नाम | कामको विवरण | सम्झौता रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|
| चिदिपानी वडा न.२ राउतका घर जोड्ने मो.वा. | मोटरबाटो खन्ने काम | ११७८५८ | जे.सि.वि. | ६०००३ |
| चौकी दुकमुनी लम्चिखोला-ठाटी पुन्थोक माछामारे मोटरबाटो निर्माण उ.स. | मोटरबाटो खन्ने | ३५३३०१ | जे.सि.वि. | २११९९१ |
| थारपाइला सिखुचौतारा डाँडी पोखरी | मोटरबाटो | ५७७००० | जे.सि.वि. | २९४००० |